# प्रदेश राजपत्र

मधेश प्रदेश सरकारद्वारा प्रकाशित

खण्ड९) जनकपुरधाम, नेपाल, असार ३१ गते, २०८२ साल (अतिरिताङ्क १ (ख)

भाग १

## मधेश प्रदेश सरकार

## गृह, सञ्चार तथा कानून मन्त्रालय

## मधेश प्रदेश विनियोजन ऐन, २०८२

आर्थिक वर्ष २०८२/८३ को सेवा र कार्यको लागि मधेश प्रदेश सञ्चित कोषबाट रकम विनियोजन र खर्च गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन

सम्वत् २०८२सालको ऐन नम्बर २

प्रस्तावनाः आर्थिक वर्ष २०८२/८३ को सेवा र कार्यको लागि

मधेश प्रदेश सञ्चित कोषबाट व्यय हुने रकम विनियोजन गर्ने र खर्च गर्ने अधिकार दिन वाञ्छनीय भएकोले,

मधेश प्रदेश सभाले यो ऐन बनाएको छ।

१. **<u>संक्षिप्त नाम र प्रारम्भः</u>** (१) यस ऐनको नाम "मधेश प्रदेश विनियोजन ऐन, २०८२" रहेको छ।

(२) यो ऐन विक्रम सम्वत् २०८२ साल साउन १ गते देखि प्रारम्भ हुनेछ।

२. **<u>आर्थिक वर्ष २०८२/८३ को लागि मधेश प्रदेश सञ्चित कोषबाट खर्च गर्ने अधिकारः</u>** आर्थिक वर्ष २०८२।८३ को लागि अनुसूची-१ बमोजिम मधेश प्रदेश सञ्चित कोषमाथि व्ययभार हुने रकम बाहेक अनुसूची- २ को महल ३ मा उल्लिखित निकायले गर्ने सेवा र कार्यका लागि सोही अनुसूचीको महल ४ मा उल्लिखित चालु खर्च, महल ५ मा उल्लिखित पूँजीगत खर्च र महल ६ मा उल्लिखित वित्तीय व्यवस्थाको रकम समेत गरी महल ७ मा उल्लिखित जम्मा रु. ४६,९६,१७,९२,०००।- (अक्षरेपी छयालिस अर्ब छयान्नबे करोड सत्र लाख बयानब्बे हजार) मा नबढाई निर्दिष्ट गरिए बमोजिम मधेश प्रदेश सञ्चित कोषबाट खर्च गर्न सकिनेछ।

३. **<u>विनियोजनः</u>** यस ऐनद्वारा प्रदेश सञ्चित कोषबाट खर्च गर्न अधिकार दिइएको रकम आर्थिक वर्ष २०८२।८३ को लागि अनुसूची- २ को महल ३ मा उल्लिखित निकायले गर्ने सेवा र कार्यको निमित्त विनियोजन गरिनेछ।

४. **अख्तियारी तथा कार्यक्रम स्वीकृति सम्बन्धी व्यवस्थाः** (१) प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भएता पनि विनियोजन भएको रकम प्रचलित कानूनको अधीनमा रही आर्थिक वर्ष २०८२/८३ को लागि खर्च गर्ने अख्तियारी यो ऐन प्रारम्भ भएको दिनदेखि अधिकार प्राप्त अधिकारीलाई हुनेछ।

(२) उपदफा (१) बमोजिम खर्च गर्ने अख्तियारीको आधारमा मधेश प्रदेश लेखा नियन्त्रक कार्यालय वा प्रदेश लेखा इकाई कार्यालयले सम्बन्धित निकायलाई विनियोजन भएको रकम निकासा दिनेछ।

(३) प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भएता पनि मधेश प्रदेश मन्त्रालयगत बजेट सूचना प्रणालीमा समावेश भएको कार्यक्रमलाई बजेट कार्यान्वयन गर्ने प्रयोजनको लागि स्वीकृत कार्यक्रम मानिनेछ।

(४) कुनै निकायलाई एकभन्दा बढी निकायबाट खर्च गर्ने गरी रकम विनियोजन भएकोमा विनियोजन भएको निकायको प्रमुखले संवत् २०८२ साल असोज मसान्तभित्र विनियोजन भएको रकम खर्च गर्ने निकायलाई हासिल गर्नु पर्ने प्रतिफल तथा उपलब्धि सहित स्रोतगत बाँडफाँट गरी बजेट सूचना प्रणालीमा प्रविष्टिको लागि मधेश प्रदेश सरकार, अर्थ मन्त्रालयमा पठाउनु पर्नेछ ।

तर त्यस्तो समयावधिभित्र बाँडफाँट हुन नसक्ने मनासिब आधार र कारण सहित सम्बन्धित लेखा उत्तरदायी अधिकृतले अनुरोध गरेमा मधेश प्रदेश सरकार, अर्थ

मन्त्रालयले आवश्यक्ता र औचित्य हेरी बाँडफाँट गरि दिन सक्नेछ ।

(५) यस दफा बमोजिम विनियोजित रकम प्राप्त गर्ने निकायको प्रमुखलाई त्यस्तो रकम खर्च गर्ने अख्तियारी प्राप्त भएको मानिनेछ।

५. **रकमान्तर तथा स्रोतान्तर सम्बन्धी व्यवस्था:**(१) दफा ३ बमोजिम अनुसूची- २ को महल ३ मा उल्लिखित निकायले गर्ने सेवा र कार्यको लागि विनियोजन गरेको रकममध्ये कुनै अनुदान संख्यामा बचत हुने र कुनै अनुदान संख्यामा अपुग हुने देखिएमा मधेश प्रदेश सरकार, अर्थ मन्त्रालयले बचत हुने अनुदान संख्याबाट अपुग हुने अनुदान संख्यामा रकमान्तर गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम रकमान्तर गर्दा जम्मा विनियोजित रकमको दश प्रतिशतमा नबढ्ने गरी कुनै एक वा एक भन्दा बढी अनुदान संख्याबाट अर्को एक वा एकभन्दा बढी अनुदान संख्यामा रकमान्तर गर्न, निकासा र खर्च लेख्न, चालु तथा पूँजीगत खर्च र वित्तीय व्यवस्थाको खर्च व्यहोर्न एक स्रोतबाट अर्को स्रोतमा रकमान्तर गर्न सकिनेछ।

तर,

(क) एउटै अनुदान संख्या भित्रको बजेट शीर्षक वा उपशीर्षकमा रकमान्तर गर्दा जतिसुकै रकम रकमान्तर गर्न सकिनेछ।

(ख) पूँजीगत खर्च शीर्षकमा विनियोजित रकम वित्तीय व्यवस्था अन्तर्गत वित्तीय लगानी र आन्तरिक तथा बाह्य ऋणको साँवा र ब्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्य चालु खर्च शीर्षकतर्फ रकमान्तर गर्न सकिने छैन ।

(ग) वित्तीय व्यवस्थातर्फ विनियोजित रकम आन्तरिक तथा बाह्य ऋणको साँवा र ब्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्य चालु खर्च शीर्षकतर्फ रकमान्तर गर्न र वित्तीय व्यवस्था अन्तर्गत आन्तरिक तथा बाह्य ऋणको साँवा भुक्तानी खर्च तर्फ विनियोजित रकम ब्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्यत्र रकमान्तर गर्न सकिने छैन ।

(३) स्थानीय तहका लागि अनुदान संख्या ८०१ मा विनियोजन भएको वित्तीय समानीकरण अनुदान रकम अन्य अनुदान संख्यामा रकमान्तर हुने छैन।

(४) उपदफा (१), (२) र (३) मा जुनसुकै कुरा लेखिएको भएता पनि अनुदान संख्या ६०१ र ६०२ मा विनियोजन भएको रकम जुन अनुदान संख्यामा निकासा र खर्च हुने हो सोही अनुदान संख्यामा रकमान्तर गर्न तथा निकासा र खर्च लेख्न बाधा पर्ने छैन।

(५) मधेश प्रदेश मन्त्रालयगत बजेट सूचना प्रणालीमा समावेश भएको कुनै आयोजना वा कार्यक्रम संशोधन गर्नु पर्ने भएमा सम्बन्धित निकायले मधेश प्रदेश सरकार, अर्थ मन्त्रालयको सहमति लिई संशोधन गर्न सक्नेछ ।

(६) सम्बन्धित लेखा उत्तरदायी अधिकृतले आयोजना वा कार्यक्रम संशोधन वा रकमान्तर गर्नु पर्ने भएमा स्रोत परिवर्तन नहुने गरी आर्थिक कार्यविधि ऐन, २०७४ को दफा १७ को उपदफा (२) को अधीनमा रही थप हुने खर्च शीर्षकको शुरु विनियोजनको पच्चीस प्रतिशत सम्म रकमान्तर गर्न सक्नेछ ।

(७) लेखा उत्तरदायी अधिकृतले देहाय बमोजिमको अवस्थामा रकमान्तर गर्न पाउने छैन:-

(क) शुरु विनियोजन नभएको खर्च शीर्षकमा,

(ख) नयाँ क्रियाकलापमा,

(ग) आर्थिक वर्षको प्रथम त्रैमासिक अवधिमा, वा

(घ) असार महिनामा

(८) रकमान्तर गर्दा तलब, पारिश्रमिक, भत्ता, पोशाक, खाद्यान्न, पानी तथा बिजुली, सञ्चार महशुल र घरभाडा जस्ता अनिवार्य दायित्व तथा पूँजिगत खर्चको लागि विनियोजित रकम चालु खर्चमा रकमान्तर गर्न पाइने छैन।

(९) विनियोजन ऐनमा समावेश भएको प्रदेश स्रोत तर्फको कुनै रकम र सो रकमबाट संञ्चालन हुने आयोजना वा कार्यक्रम आर्थिक वर्षको तेस्रो त्रैमासिकसम्म कार्यान्वयन नभई विनियोजित रकम बाँकी रहेमा वा बाँकी अवधिमा समेत खर्च हुन नसक्ने भएमा लेखा उत्तरदायी अधिकृतले त्यस्तो रकम बैशाख सात गते भित्र अर्थ मन्त्रालयमा समर्पण गर्नु पर्नेछ।

(१०) एकमुष्ट विनियोजन भएको रकमलाई सम्बन्धित मन्त्रालयको प्रस्तावमा अर्थ मन्त्रालयले कार्यक्रमको लक्ष्य सहित स्वीकृत क्रियाकलापमा बजेट बाँडफाँट गर्न सक्नेछ।

(११) मधेश प्रदेश सरकार, अर्थ मन्त्रालयले प्रदेश सरकारको आन्तरिक स्रोत प्राप्तिमा आधारित भई विनियोजित क्रियाकलापहरुलाई आवश्यकता अनुसार आर्थिक वर्षको जुनसुकै बखत रोक्का वा बजेट समर्पण गराउन सक्नेछ ।

(१२) चालु आर्थिक वर्षको स्वीकृत कार्यक्रम भित्रको आयोजनाको लागि विनियोजन भएको रकमबाट खरिद सम्झौता भई बचत भएको रकमबाट प्रचलित कानून बमोजिम हुने भरिएशन बाहेक थप खरिद कार्य गर्न पाईने छैन ।यसरी बचत हुने रकम अर्थ मन्त्रालयमा समर्पण गर्नु पर्नेछ ।

(१३) मधेश प्रदेश सरकार, अर्थ मन्त्रालयले स्वीकृत क्रियाकलापमा अर्थ विविधवाट आवश्यकता अनुसार रकम थप गर्न सक्नेछ।

(१४) मधेश प्रदेश सरकारको तर्फबाट कुनै विषयमा अदालतमा मुद्दा दायर गर्न वा परेको मुद्दाहरुको प्रतिवाद गर्न तथा न्याय निरुपण कार्यमा लाग्ने खर्च सम्बन्धित निकायको माग र आवश्यकता तथा यथार्थ खर्चको विवरण बमोजिम अर्थ मन्त्रालयले आर्थिक वर्षको शुरु देखि नै उपलब्ध गराउन बाधा पर्ने छैन।

(१५) प्रदेश सभा र सचिवालयको लागि सचिवालय सञ्चालन तथा व्यवस्थापन समितिले स्वीकृत गरेको कार्यक्रम चालु आर्थिक वर्षको कार्यक्रममा समावेश गरिनेछ ।

६. <u>अन्तर सरकारी वित्तीय हस्तान्तरणः</u> (१) अनुदान संख्या ८०१ को रकम स्थानीय तहले प्रचलित कानून बमोजिम खर्च गर्न पाउने गरी वित्त हस्तान्तरणको रुपमा स्थानीय सञ्चित कोषमा दाखिला गरिनेछ।

(२) स्थानीय तहले मधेश प्रदेश सरकारबाट पाउने वित्त हस्तान्तरणबाट सञ्चालन हुने आयोजना तथा कार्यक्रम स्वीकृत गरी बजेटमा समावेश गरी सञ्चालन गर्नु पर्नेछ।

(३) उपदफा (१) बमोजिमको रकम मध्ये वित्तीय समानीकरण अनुदानको एक चौथाईले हुन आउने रकम मधेश प्रदेश लेखा नियन्त्रक कार्यालय र प्रदेश लेखा इकाई कार्यालयले सम्बन्धित स्थानीय तहको सञ्चित कोषमा आर्थिक वर्षको त्रैमासिक रुपमा हस्तान्तरण गर्नेछ।

(४) उपदफा (३) मा जुनसुकै कुरा लेखिएको भएता पनि मुलुकमा विपद् वा कुनै असामान्य परिस्थिति उत्पन्न भई लक्ष्य अनुरुप राजस्व संकलन हुन नसकेमा मधेश प्रदेश सरकार अर्थ मन्त्रालयले उपदफा (३) बमोजिमको पहिलो किस्ता बाहेक अन्य किस्ता र सो वापतको रकम संकलित राजस्वको अनुपात अनुसार पुनःनिर्धारण गरी मधेश प्रदेश सरकार, अर्थ मन्त्रालयले निर्धारण गरेको समयमा मधेश प्रदेश लेखा नियन्त्रक कार्यालय र प्रदेश लेखा इकाईले सम्बन्धित स्थानीय तहको सञ्चित कोषमा दाखिला गर्नेछ।

(५) उपदफा (३) बमोजिमको वित्तीय समानीकरण अनुदानबाट खर्च भएको रकमको विवरण स्थानीय तहले सम्बन्धित मधेश प्रदेश लेखा नियन्त्रक कार्यालय वा मधेश प्रदेश लेखा इकाई कार्यालयमा प्रत्येक आर्थिक वर्षको त्रैमासिक विवरण त्रैमासिक अवधि समाप्त भएको पन्ध्र दिनभित्र र वार्षिक आर्थिक विवरण अर्को आर्थिक वर्षको साउन मसान्त भित्र पेश गर्नु पर्नेछ।

(६) उपदफा (३) मा जुनसुकै कुरा लेखिएको भएता पनि उपदफा (५) बमोजिमको विवरण प्राप्त नभएसम्म वित्तीय समानीकरण अनुदान वापतको बाँकी रकम सम्बन्धित स्थानीय तहको सञ्चित कोषमा दाखिला गरिने छैन।

(७) समानीकरण अनुदान बाहेक अन्य अनुदानको रकम खर्च नभई बचत भएमा सम्बन्धित स्थानीय तहले

त्यस्तो बचत रकम सोही आर्थिक वर्षको असार मसान्तभित्र प्रदेश लेखा नियन्त्रक कार्यालय वा प्रदेश लेखा इकाई कार्यालय मार्फत प्रदेश सञ्चित कोषमा फिर्ता दाखिला गर्नु पर्नेछ।

(८) उपदफा (७) बमोजिम अनुदान रकम प्रदेश सञ्चित कोषमा फिर्ता दाखिला नगरेको अवस्थामा त्यस्तो रकम र अघिल्ला आर्थिक वर्षहरुमा बाँकी भएकोमा सो रकम समेत प्रदेश लेखा नियन्त्रक कार्यालय र प्रदेश लेखा इकाई कार्यालयले अर्को आर्थिक वर्षमा हस्तान्तरण हुने वित्तीय समानीकरण अनुदान वा राजस्व बाँडफाँटको रकमबाट कट्टा गरी समायोजन गर्नेछ।

(९) स्थानीय तहलाई अनुदान उपलब्ध गराउने सम्बन्धी अन्य व्यवस्था मधेश प्रदेश सरकारले स्वीकृत गरेको कार्यविधि बमोजिम हुनेछ।

(१०) सशर्त अनुदान, विशेष अनुदान र समपुरक अनुदानबाट स्थानीय तहमा सञ्चालित आयोजना वा कार्यक्रम कार्यान्वयनको लागि बजेट बाँडफाँट गर्नु पर्ने भएमा कार्यक्रमको क्षेत्र तथा उदेश्यमा प्रतिकूल नहुने गरी मधेश प्रदेश सरकार, अर्थ मन्त्रालयले रकमान्तर तथा अख्तियारी संशोधन गर्न सक्नेछ ।

७. <u>आयोजना वा कार्यक्रम कार्यान्वयन सम्बन्धी व्यवस्थाः</u> (१) यस ऐन बमोजिम मधेश प्रदेश सरकारको कुनै निकायबाट कार्यान्वयन हुने गरी रकम विनियोजन भएको कुनै आयोजना वा कार्यक्रम स्थानीय तह मार्फत् कार्यान्वयन गर्नु

पर्ने भएमा मधेश प्रदेश सरकारको सम्बन्धित मन्त्रालयले स्थानीय तहबाट आयोजना वा कार्यक्रम कार्यान्वयन गर्ने निर्णय सहित बजेट सूचना प्रणालीमा अद्यावधिक गर्न मधेश प्रदेश सरकार, अर्थ मन्त्रालयमा पठाउनु पर्नेछ।

(२) यस ऐन वा प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भएता पनि स्थानीय तहको बजेट तथा कार्यक्रममा समावेश भएको पूँजीगत तर्फको कुनै आयोजना वा कार्यक्रम स्थानीय तहले मधेश प्रदेश सरकारको सम्बन्धित कार्यालय मार्फत् कार्यान्वयन गराउन आवश्यक ठानेमा सम्बन्धित मन्त्रालयको सिफारिसमा अर्थ मन्त्रालयको स्वीकृति लिई सम्बन्धित स्थानीय तहले त्यस्तो आयोजना वा कार्यक्रम मधेश प्रदेश सरकारको सम्बन्धित कार्यालय मार्फत् कार्यान्वयन गर्ने निर्णय गर्न सक्नेछ।

(३) उपदफा (१) र (२) बमोजिमको निर्णयको जानकारी अर्थ मन्त्रालय, मधेश प्रदेश सरकारको सम्बन्धित मन्त्रालय, मधेश प्रदेश लेखा नियन्त्रक कार्यालय वा प्रदेश लेखा इकाई कार्यालय र सम्बन्धित स्थानीय तहलाई दिनु पर्नेछ।

(४) उपदफा (१) बमोजिम स्थानीय तहले कार्यान्वयन गर्ने निर्णय प्राप्त भएमा मधेश प्रदेश लेखा नियन्त्रक कार्यालय वा प्रदेश लेखा इकाई कार्यालयले त्यस्तो निर्णयलाई खर्च गर्ने अख्तियारी मानी मधेश प्रदेशको एकल खाता कोष प्रणालीमा स्थानीय तहको कार्यालयलाई प्रादेशिक निकायको रुपमा कार्यालय कोड दिई सोही

कोडबाट प्रचलित मधेश प्रदेश कानून बमोजिमको रकम निकासा दिनु पर्नेछ।

(५) उपदफा (२) बमोजिम मधेश प्रदेश सरकारको सम्बन्धित कार्यालय मार्फत् कार्यान्वयन गर्ने निर्णय प्राप्त भएमा स्थानीय तहले मधेश प्रदेश निकायको नाममा सम्बन्धित मधेश प्रदेश लेखा नियन्त्रक कार्यालय वा प्रदेश लेखा ईकाई कार्यालयमा रहेको विविध खातामा जम्मा हुने गरी निकासा दिनु पर्नेछ।

(६) मधेश प्रदेश सरकार, अर्थ मन्त्रालयबाट आयोजना वा कार्यक्रम कार्यान्वयनको लागि स्रोत सुनिश्चतता प्राप्त भएको आर्थिक वर्षभित्र खरिद प्रक्रिया अगाडि नबढाएमा त्यस्तो स्रोत सुनिश्चतता सवत: निष्क्रिय हुनेछ ।

(७) प्रचलित कानून बमोजिम प्रदेश सरकार अन्तर्गत स्थापना वा गठन भएका बोर्ड, समिति, प्रतिष्ठान, आयोग, परिषद् वा यस्तै प्रकृतिका अन्य संस्थाले प्रदेश सरकारबाट प्राप्त जुनसुकै प्रकृतिको अनुदान प्रदेश सरकारको कार्य सञ्चालन कोष (विविध) खाताबाट खर्च गर्दै आएको भए आर्थिक वर्ष समाप्त हुनुभन्दा कम्तिमा सात दिन अगवै भुक्तानी दिनु पर्ने रकम भुक्तानी दिई निकासा र खर्चको लेखा अद्यावधिक गरी भुक्तानी निकासा बन्द गर्नु पर्नेछ र सोही आर्थिक वर्षभित्र खर्च हुन नसकी त्यस्तो खातामा बाँकी रहेको रकम असार मसान्तभित्र प्रदेश सरकारलाई फिर्ता गर्नु पर्नेछ ।

(८) उपदफा (७) बमोजिम फिर्ता गर्नु पर्ने रकम फिर्ता नगरेमा प्रदेश लेखा नियन्त्रक कार्यालय वा सम्बन्धित प्रदेश लेखा इकाई कार्यालयले त्यस्तो खातामा रहेको रकम रोक्का राख्न सक्नेछ र अर्थ मन्त्रालयले त्यस्तो रकम बराबर आगामी आर्थिक वर्षमा उपलब्ध गराउने सशर्त अनुदान बाहेक अन्य अनुदान रकमबाट कट्टा गर्नेछ।

८. **लेखाङ्कन, प्रतिवेदन तथा लेखा परीक्षण सम्बन्धी व्यवस्था:** (१) यस ऐन बमोजिम एक तहको बजेट तथा कार्यक्रममा समावेश भएको कुनै आयोजना वा कार्यक्रम अर्को तहबाट कार्यान्वयन गर्दा रकम विनियोजन भएको तहको खर्च इकाईको रुपमा प्रचलित कानूनले तोके बमोजिमको लेखा राखी आन्तरिक तथा अन्तिम लेखापरीक्षण गराउनु पर्नेछ।

(२) उपदफा (१) बमोजिम आयोजना वा कार्यक्रम कार्यान्वयन गर्ने तहले आर्थिक विवरण तयार गरी प्रमाणित गराई त्यस्तो आर्थिक विवरण रकम विनियोजन भएको तहमा पठाउनु पर्नेछ।

(३) नेपाल सरकारबाट मधेश प्रदेश सरकारलाई वित्तीय हस्तान्तरण हुने सशर्त अनुदान अन्तर्गतको वैदेशिक स्रोत समावेश भएको कुनै आयोजना तथा कार्यक्रम प्रदेश तथा स्थानीय तहले कार्यान्वयन गर्दा वैदेशिक सहायता सम्झौता बमोजिम नेपाल सरकारबाट निर्दिष्ट ढाँचामा खर्च गर्ने निकायले छुट्टै अभिलेख राखी निर्धारित समयमा सम्बन्धित मन्त्रालय, सोधभर्ना माग गर्ने

निकाय र मधेश प्रदेश लेखा नियन्त्रक कार्यालय वा प्रदेश लेखा इकाई कार्यालयमा प्रतिवेदन गर्नु पर्नेछ।

(४) उपदफा (३) बमोजिम प्रतिवेदन पेश नभएको कारणबाट खर्च रकम सोधभर्ना हुन नसकेमा यसरी सोधभर्ना हुन नसकेको बराबरको रकम दफा ७ को उपदफा (८) बमोजिम कट्टा गरी समायोजन गरिनेछ।

(५) नेपाल सरकारबाट मधेश प्रदेश सरकारलाई हस्तान्तरण भएको सशर्त अनुदान, समपुरक अनुदान र विशेष अनुदान रकममध्ये खर्च नभई आर्थिक वर्षको अन्त्यमा बचत भएको रकम प्रदेश लेखा नियन्त्रक कार्यालयले मधेश प्रदेश सञ्चित कोषबाट संघीय सञ्चित कोषमा फिर्ता गर्न सक्नेछ ।

९. <u>वित्तीय अनुशासन सम्बन्धी व्यवस्था:</u> (१) स्थानीय तहले आफुले उठाएको राजस्व र यस ऐन बमोजिम प्राप्त गरेको अनुदान कानून बनाई खर्च गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम कानून बनाउँदा देहाय बमोजिमको व्यवस्था समावेश हुने गरी बनाउँनु पर्नेछः-

(क) नेपाल सरकार तथा मधेश प्रदेश सरकारको आर्थिक र वित्तीय नीतिको अनुशरण गर्ने,

(ख) सबै आय आफ्नो सञ्चित कोषमा दाखिला गर्ने,

(ग) अनुदानको रकम जुन प्रयोजनको लागि प्राप्त भएको हो सोही प्रयोजनको लागि प्रयोग गर्ने,

(घ) पूँजीगत खर्चको रुपमा विनियोजन भएको रकम चालु खर्चमा रकमान्तर गर्न नपाइने,

(ङ) प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ तथा अन्य प्रचलित कानूनले निर्धारण गरे बमोजिमको आय-व्ययको वर्गीकरण, लेखाङ्कन तथा लेखा प्रणाली लागू गर्नु पर्ने।

(३) मधेश प्रदेश आर्थिक ऐन बमोजिम स्थानीय तहले संकलन गरी बाँडफाँट गर्नु पर्ने नदीजन्य पदार्थ, दहत्तर बहत्तर, मनोरञ्जन कर र विज्ञापन कर बाँडफाँट गरी मधेश प्रदेश सरकारलाई हस्तान्तरण गर्नु पर्ने रकम प्रदेश सञ्चित कोषमा दाखिला नगरेमा प्रदेश सरकारबाट स्थानीय तहलाई हस्तान्तरण गरिने वित्तीय समानिकरण अनुदान, सशर्त अनुदान, समपुरक अनुदान, विशेष अनुदान र राजस्व बाँडफाँटको रकम रोक्का राख्न सकिनेछ ।

१०. **कानून विपरीत विनियोजन भएको नमानिने:** (१) यस ऐनमा व्यवस्था भएको विषयमा यस ऐन बमोजिम र अन्य विषय प्रचलित कानून बमोजिम हुनेछ ।

(२) यस ऐन बमोजिम स्वीकृत बजेट तथा कार्यक्रममा तात्विक फरक नपर्ने गरी मन्त्रालयगत बजेट सूचना प्रणालीमा प्रविष्ट तथा विनियोजनमा भएको त्रुटि

मधेश प्रदेश सरकारको सम्बन्धित मन्त्रालयले जुनसुकै बखत सच्याउन सक्नेछ ।

(३) यस ऐन बमोजिम कुनै सेवा र कार्यका लागि रकम विनियोजन गर्दा प्रचलित कानून बमोजिम पूरा हुनु पर्ने कुनै प्रक्रिया पूरा भएको रहेनछ भने त्यस्तो प्रकिया पूरा नभएको आधारमा मात्र त्यसरी विनियोजित रकम कानुन विपरीत विनियोजन भएको मानिने छैन

११. <u>कार्यविधि, मापदण्ड तथा मार्गदर्शन बनाउन सक्नेः</u>(१) यस ऐनको कार्यान्वयन गर्न मधेश प्रदेश सरकारका विषयगत मन्त्रालयले अर्थ मन्त्रालय र गृह, कानून तथा सञ्चार मन्त्रालयको सहमति लिई आवश्यक कार्यविधि र मापदण्ड बनाउन सक्नेछ।

(२) यस ऐन बमोजिम विनियोजन भएको रकम खर्च गर्ने व्यवस्थाका सम्बन्धमा अर्थ मन्त्रालयले आवश्यक मार्गदर्शन बनाउन सक्नेछ।

१२. <u>आवश्यक व्यवस्था गर्न सक्नेः</u> (१) यस ऐनको कार्यान्वयन गर्दा कुनै बाधा उत्पन्न भएमा मधेश प्रदेश सरकार, मन्त्रिपरिषदले आदेश जारी गरी आवश्यक व्यवस्था गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम जारी भएको आदेश मधेश प्रदेश राजपत्रमा प्रकाशन गर्नु पर्नेछ ।

# अनुसूची - १

## दफा २ सँग सम्बन्धित

## प्रदेश सञ्चित कोष माथि व्ययभार हुने रकम

| १ | २ | ३ | ४ | ५ | ६ | ७ |
|---|---|---|---|---|---|---|
| क.स. | अनुदान संख्या र उपशीर्षक संकेत संख्या | मन्त्रालय/निकायकोनाम | चालु तर्फ | पूँजीगत तर्फ | वित्तीय व्यवस्था | कुलबजेट |
| १ | २०२ | प्रदेश सभा | १५०६० | | | १५०६० |
| २ | २१० | प्रदेश लोकसेवा आयोग | ६४९९ | | | ६४९९ |
| ३ | ५०२ | अर्थ- आन्तरिक ऋण भुक्तानी | ० | | | ० |
| कुलजम्मा | | | २१५५९ | | | २१५५९ |

## अनुसूची -२

(दफा २ र ३ सँग सम्बन्धित)

## प्रदेश सञ्चित कोष बाट विनियोजन हुने रकम

रु.हजारमा

| १ | २ | ३ | ४ | ५ | ६ | ७ |
|---|---|---|---|---|---|---|
| क्र.सं. | अनुदान संख्या र उपशीर्षक संकेत संख्या | शीर्षकको नाम | चालु तर्फ | पुँजीगत तर्फ | वित्तीय व्यवस्था | कुल बजेट |
| १. | २०२ | प्रदेश सभा | ४०२८२९ | ४१९९५ | | ४४४८२४ |
| २. | २१० | प्रदेश लोकसेवा आयोग | ९००४९ | ८४५१ | | ९८५०० |
| ३. | २१३ | मुख्य न्यायाधिवक्ताको कार्यालय | ३१५०० | २५०० | | ३४००० |
| ४. | ३०१ | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | ४०३९०० | ३९४०० | | ४४३३०० |
| ५. | ३०५ | अर्थ मन्त्रालय | २०२१७१ | ३५२९० | | २३७४३१ |

| १ | २ | ३ | ४ | ५ | ६ | ७ |
|---|---|---|---|---|---|---|
| क्र.स. | अनुदान संख्या र उपशीर्षक संकेत संख्या | शीर्षकको नाम | चालु तर्फ | पूँजीगत तर्फ | वित्तीय व्यवस्था | कुल बजेट |
| ६. | ३०७ | उद्योग वाणिज्य तथा पर्यटन मन्त्रालय | ४३४२९३ | २६५२८८१ | | ३०८७१७४ |
| ७. | ३१२ | भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय | २४०७९४५ | ४२२१५४ | | २८३००९९ |
| ८. | ३१३ | ऊर्जा, सिंचाई तथा खानेपानी मन्त्रालय | ५६०३११ | ३८५९६८८ | | ४४१९९९९ |
| ९. | ३१४ | गृह सञ्चार तथा कानून मन्त्रालय | २५०००० | ३९८९९७ | | ६४८९९७ |
| १०. | ३२९ | वन तथा वातावरण मन्त्रालय | १३४९३७१ | १०२६२६७ | | २३७५६३८ |

| १ | २ | ३ | ४ | ५ | ६ | ७ |
|---|---|---|---|---|---|---|
| क्र.स. | अनुदान संख्या र उपशीर्षक संकेत संख्या | शीर्षकको नाम | चालु तर्फ | पूँजीगत तर्फ | वित्तीय व्यवस्था | कुल बजेट |
| ११. | ३३७ | भौतिक पूर्वाधार विकास मन्त्रालय | ३२१०३० | १५५६६१५५ | | १५८८७१८५ |
| १२. | ३४० | खेलकुद तथा समाज कल्याण मन्त्रालय | ४१२८८१ | १२७४४१९ | | १६८७३०० |
| १३. | ३५० | शिक्षा तथा सँस्कृति मन्त्रालय | १४८४९३२ | २०९१७२३ | | ३५७६६५५ |
| १४. | ३७० | स्वास्थ्य तथा जनसंख्या मन्त्रालय | ४२५८०३६ | २१९८०६४ | | ६४५६१०० |
| १५. | ३७१ | श्रम तथा यातायात मन्त्रालय | ४६४६०० | १०६८५० | | ५७१४५० |

| १ | २ | ३ | ४ | ५ | ६ | ७ |
|---|---|---|---|---|---|---|
| क्र.सं. | अनुदान संख्या र उपशीर्षक संकेत संख्या | शीर्षकको नाम | चालु तर्फ | पुँजीगत तर्फ | वित्तीय व्यवस्था | कुल बजेट |
| १६ | ३४१ | प्रदेश नीति तथा योजना आयोग | ४१५०० | ८००० | | ४९५०० |
| १७ | ३०१ | कर्मचारी सुविधा तथा सेवा निवृत सुविधा | ११० | | | ११० |
| १८ | ३०४ | अर्थ मन्त्रालय विविध | १२४१००० | ५००००० | | १७४१००० |
| १९ | ८०१ | स्थानीय तह | २३४१५०० | | | २३४१५०० |

| १ | २ | ३ | ४ | ५ | ६ | ७ |
|---|---|---|---|---|---|---|
| क्र.सं. | अनुदान संख्या र उपशीर्षक संकेत संख्या | शीर्षकको नाम | चालु तर्फ | पूँजीगत तर्फ | वित्तीय व्यवस्था | कुल बजेट |
| | | कुल जम्मा | १३३४८४५८ | ३०२३२८६४ | | ४३४३१७४२ |

प्रमाणिकरण मितिः २०८२।०३।३१

**आज्ञाले,**

**विमल प्रसाद बराल**

**प्रदेश सचिव**

**गृह, सञ्चार तथा कानून मन्त्रालय**